**दुहवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दुहवी, सुनसरी**
**प्रदेश नं १, नेपाल**

प. सं. : ०७८/०७९
च.न. :

मिति : २०७८/०८/०६

# प्रेश विज्ञप्ती

सुनसरी जिल्लाको धरानबाट मिति २०७८ साल मंसिर ३ गते प्रकाशन भएको ब्लाष्ट दैनिकमा **"ऐन विपरित मेयरलाई आवास भत्ता दशै खर्च ३ गुणा बढी"** शिर्षकमा प्रकाशित सामाचारले मेरो ध्यान गम्भिर रुपमा आकर्षित भएको छ । नेपालको शासकीय स्वरुपको पुनः संरचना हुदै गर्दा स्थानीय सरकारको निर्वाचन सम्पन्न भएको अवस्थामा पर्याप्त कानुनी संरचना बनी नसकेको कारणले कार्य संचालन गर्दा केही विषयहरु द्विविधा भै रहेको थिए । त्यही द्विविधाको अवस्थामा भएका आवास, दशै खर्च, पोसाक खर्चहरु लेखा परिक्षण हुँदाका बखत कानून संगत नभएको भनी उल्लेख भएकोले मेरो नाममा कायम भएको आवास खर्च रु.२,०४,०००। र बढि भुक्तानी हुन गएको दशै खर्च रु.२९,०००। गरी जम्मा रु. २,३३,०००। मैले सरकारलाई नगदै फिर्ता गरि सकेको छु । पोशाक भत्ता वापत भुक्तानी भएको रु. १०,०००। मैले पाउने पारिश्रमिकबाट कट्टा गरी सरकारी कोषमा दाखिला भै सकेको ब्यहोरा सबैमा जानकारी गराउदछु ।

प्रचलित कानूनमा ब्यवस्था भए बमोजिम बाहेक कुनै सुविधा लिने मेरो मनसाय पनि छैन । उल्लेखित विषय कानुनी द्विविधाका कारण भएको हुँदा अबदेखि यस्ता विषय नदोहोरिने प्रतिबद्धता समेत ब्यक्त गर्दछु ।

बेदनारायण गच्छदार
नगर प्रमुख
**बेद नारायण गच्छदार**
**नगर प्रमुख**